annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १३६ पृष्ठ ८ | काठमाडौं, शनिबार २८ भदौ २०८२ | आश्विन कृष्णपक्ष षष्ठी नेपाल | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# पहिलो महिला प्रधानमन्त्री, संकट पार लगाउने जिम्मेवारी


## प्रतिनिधिसभा विघटन, फागुन २१ गते चुनाव

देशले पहिलो महिला प्रधानमन्त्री पाएको छ, सुशीला कार्की । पहिलो प्रधानन्यायाधीशको इतिहास रचेकी कार्कीसामु चुनौतीका चाङ छन् । संकटपूर्ण अवस्थाबाट मुलुकलाई पार लगाउँदै ६ महिनाभित्र प्रतिनिधिसभाको नयाँ निर्वाचन गराउनुपर्ने दायित्व र जिम्मेवारी उनको काँधमा छ ।

समाचार पृष्ठ २

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट



# संघर्ष र न्यायकी प्रतिमूर्ति

**दिनेश गौतम** | *काठमाडौं*

नेपालको न्यायपालिका र महिला सशक्तीकरणका क्षेत्रमा जब-जब ठूलो परिवर्तनका कुरा हुन्छन्, त्यहाँ सुशीला कार्कीको नाम अनिवार्य उच्चारण हुन्छ। साधारण परिवारमा जन्मिएर असंख्य संघर्ष पार गर्दै उनी देशको पहिलो महिला प्रधान न्यायाधीश मात्रै होइनन्, इमानदार न्याय र निर्भीक आवाजकी प्रतिमूर्ति बनिन्।

उनै कार्कीले पहिलो महिला प्रधानमन्त्रीको इतिहास पनि रचिन्। शुक्रबार शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलसँग शपथ लिनु उनको अर्को संयोग थियो। ५५ वर्षअघि २०२७ मा पौडेलले नै उनलाई विराटनगरमा नेविसंघको सदस्यता दिएका थिए। पौडेल त्यतिबेला नेविसंघको केन्द्रीय सदस्य थिए।

उनी निरन्तर राजनीतिमा लागे। कार्की बीचमा वकालत पेसामा रहिन्। न्यायाधीश बनिन्। घडीको सुइले घुमाउँदै उनलाई फेरि राजनीतिकै बागडोर सम्हाल्ने ठाउँमा पुर्‍यायो। देशको प्रमुख कार्यकारी हुने सौभाग्य पाइन्। र, राष्ट्रपतिको अभिभारामा रहेका पौडेलसँगै शपथ खान जुर्‍यो, उनलाई।

२००९ साल जेठ २५ गते विराटनगरमा जन्मेकी कार्कीका पिता डिल्लीबहादुर कार्की र माता लीलादेवी कार्की हुन्। अक्षर चिन्ने यात्रा पिताको हातबाट सुरु भए पनि पढाइका लागि उनले विराटनगरदेखि कीर्तिपुरसम्मको लामो संघर्षमय बाटो तय गरिन्। प्रारम्भिक शिक्षा विराटनगरकै जनता स्कुलबाट लिएर उनले २०२५ सालमा एसएलसी उत्तीर्ण गरिन्। त्यसयता महेन्द्र मोरङ क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्दै उनले बीए, भारतबाट राजनीतिशास्त्रमा एमए र त्रिविबाट कानुनमा स्नातक पूरा गरिन्।

विद्यार्थी जीवनदेखि नै उनी नेतृत्व क्षमतामा सक्रिय रहिन्। २०२५ सालमा स्ववियुमा उम्मेदवारी दिने आँट गर्ने, लगत्तै नेविसंघमा सक्रिय भई राजनीतिक चेतना फैलाउने कार्यले उनको व्यक्तित्वलाई थप धारिलो बनायो। तर, उनको जीवनको मूल ध्येय न्याय र सत्यतर्फ मोडियो। २०३५ सालमा कानुन व्यवसायमा पाइला राख्दै उनले आफ्नो वकालती यात्रा सुरु गरिन्। प्रारम्भमा ठूलो बुबा तोरणबहादुर कार्कीको ल फर्ममा बहस सिकेकी उनले धरानमा लामो समय कानुनी पेसामा बिताइन्। तीन दशकभन्दा बढी समयसम्म निरन्तर कानुनी अभ्यास गर्दै उनले न केबल सफल वकिलको छवि बनाइन्, बरु नेपाल बार एसोसिएसन र पुनरावेदन बार विराटनगरको नेतृत्वसमेत सम्हालिन्। २०६१ सालमा वरिष्ठ अधिवक्ता बनेर उनले आफ्नो संघर्ष र इमानदारीलाई अझ प्रस्ट प्रमाणित गरिन्।

२०६५ साल माघमा कार्की सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भइन्। उनको न्यायिक यात्राले छिट्टै नयाँ आयाम पायो। २०७२ साल चैत ३० देखि २०७३ असार २५ सम्म उनी कामु प्रधान न्यायाधीशको भूमिकामा रहिन्। अनि, २०७३ असार २७ मा नेपालको पहिलो महिला प्रधान न्यायाधीश बनेर उनले मुलुकको इतिहासमै अमिट छाप छाडिन्।

तर, उनको कार्यकाल सहज थिएन। २०७४ साल वैशाख १७ गते संसद्मा दर्ता भएको महाभियोग प्रस्तावले न्यायपालिकालाई नै हल्लाइदियो। यसलाई उनीविरुद्धको प्रतिशोधी राजनीति भनेर धेरैले टिप्पणी गरे। तर, सर्वोच्चको आदेशमा पुनर्बहाल भएकी उनले दृढता र सहासको उदाहरण प्रस्तुत गरिन्। अन्ततः जेठ २३ मा संसद्बाट महाभियोग फिर्ता भएपछि उनले आफूलाई न्याय र संविधानको पक्षमा उभ्याउन सक्ने निर्भीक नेतृत्वकर्ताको हैसियतमा स्थापित गरिन्।

उनका चर्चित फैसला आज पनि नेपाली कानुनको इतिहासमा कोसेढुंगा बनेर रहिरहेका छन्। सुडान घोटाला, जेपी गुप्ताको भ्रष्टाचार प्रकरण, प्रहरी महानिरीक्षक नियुक्ति विवाद, राहदानीमा तेस्रो लिंगीको पहिचान, लोकमानसिंह कार्की बर्खास्त प्रकरणदेखि लिएर गोदावरी मार्बल र कोख भाडासम्बन्धी मुद्दासम्म उनका निर्णयहरूले न्यायको परिभाषा जनमुखी र समानतामुखी बनाएका थिए।

२०४६ साउनमा उनले कांग्रेस नेता दुर्गाप्रसाद सुवेदीसँग विवाह गरिन्। उनीहरूका एक पुत्र प्रशान्त छन्। राजनीतिक वातावरण, कानुनी संघर्ष र पारिवारिक जीवनलाई सन्तुलन गर्दै उनले आफ्नो पहिचान सदैव न्याय र सत्यप्रति समर्पित बनाएर राखिन्।

कार्कीले नेपालमा महिला योग्यताका आधारमा उच्चतम शिखरमा पुग्न सक्षम छन् भन्ने पुष्टि गराएकी छन्। उनका संघर्ष र उपलब्धिहरू नेपालका महिला मात्र होइन, सम्पूर्ण न्याय र समानताका पक्षधरका लागि प्रेरणा बनेका छन्। कार्कीका निकटवर्तीहरू भन्छन्- उनी कठोर र सिद्धान्तमा अडिग छिन्। अदालतमा उनी कसैलाई बिनाकारण छुट दिन्नथिइन्। तर, व्यक्तिगत जीवनमा उनी नम्र र आत्मीय देखिन्छिन्। अर्थात्, उनको पहिचान हो- कठोर न्यायाधीश, आत्मीय व्यक्तित्व। महिलाका लागि उनी मार्गदर्शक बनिन्। कानुनी क्षेत्रमा संघर्षरत महिलाले उनलाई प्रेरणाको स्रोत मान्छन्। इमान, साहस र निर्भीकता उनका चिनारी हुन्।

न्यायालयबाहिर उनको संसार विचार र सिर्जनामा रमाउने किसिमको रह्यो। कानुनी अभ्यास, न्यायिक जीवनसँगै उनी अध्ययन-लेखनमा सक्रिय रहिन्। सँगसँगै न्यायको पक्षमा अडिने, समानताका लागि बोल्ने र भ्रष्टाचारविरुद्ध साहसपूर्वक लड्ने व्यक्तित्वका रुपमा उनी उभिएकी छन्। महाभियोग सामना गर्दा उनले देखाएको दृढता अझै चर्चा हुन्छ। राजनीतिक शक्तिले न्यायालयलाई आफ्नो पक्षमा झुकाउन खोज्दा उनी ठाडै लडिन्। त्यो घटनाले उनको 'करिअर' लाई असहज बनायो, तर जनमानसमा उनको छविलाई अझै उचो बनायो।

### जन्म

२००९ जेठ २५, विराटनगर

### पिता/माता

डिल्लीबहादुर कार्की र लीलादेवी कार्की

### शिक्षा

- पिताजीबाट अक्षर चिनेको।
- २०१५ मा कीर्तिपुरको पाठशालामा भर्ना। मावलमा बसेर अध्ययन।
- ३ देखि एसएलसीसम्म विराटनगरस्थित जनता स्कुल
- २०२५ मा दोस्रो श्रेणीमा एसएलसी पास
- महेन्द्रमोरङ क्याम्पस विराटनगरबाट आईए पास
- २०२५ मै स्ववियुमा उम्मेदवार
- २०२७ नेविसंघको सदस्यता
- २०३० मा महेन्द्रमोरङबाट बीए उत्तीर्ण
- राजनीतिशास्त्रमा भारतबाट एमए
- २०३४ मा त्रिविबाट कानुनमा स्नातक

### विवाह/पारिवारिक जीवन

- विवाह: २०४६ साल साउन १३ गते
- श्रीमान् : दुर्गाप्रसाद सुवेदी (कांग्रेस नेता)
- सन्तान : प्रशान्त (पुत्र), उमेर ३२ वर्ष

### पेशा/अनुभव

- कानुन व्यवसायको यात्रा २०३५ बाट सुरु
- ठूलोबुवा तोरणबहादुर कार्कीको ल फर्मबाट वकालत सुरु
- २०३५ देखि ४७ सम्म धरानमा रहेर वकालत
- ३१ वर्षसम्म कानुन व्यवसायमा सक्रिय
- पुनरावेदन बार विराटनगरको अध्यक्ष पनि भइन्
- २०६१ मा वरिष्ठ अधिवक्ता

### न्यायाधीश

- २०६५ साल माघमा सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त
- २०७२ चैत ३० देखि २०७३ असार २५ सम्म कामु प्रधानन्यायाधीश
- २०७३ असार २७ गते नपालको पहिलो महिला प्रधान न्यायाधीश भई इतिहास रचिन्
- २०७४ बैशाख १७ गते उनीविरुद्ध महाभियोग प्रस्ताव संसद्मा दर्ता
- २०७४ वैशाख २२ गते पुनर्वहाली गर्न सर्वोच्चको आदेश
- २०७४ जेठ जेठ २३ मा संसद्बाट महाभियोग फिर्ता


### चर्चित फैसला

- सुडान घोटाला काण्ड
- जेपी गुप्ताको भ्रष्टाचार काण्ड
- तत्कालीन प्रहरी महानिरीक्षक नवराज सिलवालको मुद्दा
- राहदानीमा तेस्रो लिंगीलाई पहिचान
- फास्ट ट्र्याक मुद्दा
- गोदाबरी मार्बल काण्ड
- कोख भाडासम्बन्धी मुद्दा
- लोकमानसिंह कार्की बर्खास्त प्रकरण

भित्री पृष्ठ



धर्म र विज्ञानको दिव्य संवाद - *पृष्ठ ३*




सिनेमामा कृत्रिम बुद्धिमत्ता - *पृष्ठ ४*

# भ्रष्टाचारविरुद्धको आवाज उठाउँदा चितामै जल्यो सपना

**भवानी खड्का** | *दोलखा*

किष्ट अस्पतालको सघन कक्ष। त्यहाँको बेडमा बेहोश अवस्थामा रहेका एक जेन-जीको अन्ततः जीवनलिला नै रोकियो।

दोलखाको विगु गाउँपालिका-३ का २२ वर्षीय महेश बुढाथोकीले अन्तिम सास फेर्दा उनका बुवाआमा, दाजुभाइ र नजिकका साथीहरूको संसार चकनाचूर भयो। महेशको ज्यान मात्रै गएन, आमाबुवाको सपना पनि त्यही चितामा जलेको छ।

२४ गते काठमाडौंको कोटेश्वरमा भएको प्रदर्शनका क्रममा गोली लागेर महेश घाइते भए। तत्कालै उनलाई किष्ट अस्पताल पुर्‍याइयो। जीवन-मरणको संघर्षमा उनलाई डाक्टरले बचाउन सकेनन्।

विज्ञान विषय लिएर कक्षा १२ मा पढ्दै गरेका महेश उज्यालो भविष्य बोकेर राजधानी आएका थिए। 'विदेश जाने सोच पनि थियो, तर देशमा केही हुन्छ कि भन्ने आशा अझै बढी थियो', उनका ठूलोबुवाका छोरा ईश्वर बुढाथोकीले भने। भ्रष्टाचार र अन्यायविरुद्ध उठेको आवाजलाई राज्यको गोलीले थामिदिँदा जीवन, सपनासँगै समाप्त भएको ईश्वरले बताए।



महेश बुढाथोकी



स्वस्थानी खड्का



अभिषेक चौलागाईं

पीडादायी कुरा त के छ भने महेशकी आमा स्तन क्यान्सरले थलिएकी छन्। उपचार खर्च जुटाउन गाह्रो भइरहेका बेला छोराको भविष्यमा आशा बाँधेर उनी बाँचिरहेकी थिइन्। क्यान्सरले थलिएकी आमाको उपचारभन्दा ठूलो पीडा छोराको मृत्यु भयो।

महेशले म साइन्स पढ्छु, डाक्टर वा इन्जिनियर बन्छु भनेर भनेका वाक्यले आमा-बुवाको थकाइ मेटाउने गर्थ्यो। तर, आज त्यो आवाज सधैंका लागि मौन भयो। महेशका बुवा केशब बुढाथोकी इमाडोलस्थित एउटा ग्यास पसलमा मजदूरी गर्छन्। आमाले पनि केही समय अगाडिसम्म डेरा नजिकैको स्कुलमा सहयोगीको काम गर्दै परिवार धान्दै आएकी थिइन्। घरमा पर्याप्त आम्दानी थिएन, तर महेश पढाइमा अब्बल थिए।

महेश सारा परिवारको सपना पनि थियो- छोराले पढेर केही गर्छ, आमाबुवाको पीडा कम गर्छ। तर यही बेलामा भाइको ज्यान नै गएको भन्दै ईश्वरले पीडा पोखे। देशमा मौलाएको भ्रष्टाचार, बेरोजगारी र अन्यायविरुद्ध युवा पुस्ता सडकमा उत्रिए। उनीहरू यही मुलुकमा परिवर्तन देख्न चाहन्छन्। शान्तिपूर्ण प्रदर्शनमा उभिएका महेशलाई प्रहरीले गोली हान्यो। युवा पुस्ताको आवाज दमन गर्न सत्ताले गोली प्रयोग गर्दा परिणाम के हुन्छ भन्ने प्रश्न आज हजारौं परिवारले छातीमा हात राखेर सोधिरहेका छन्।

महेशले ज्यान गुमाए, तर सबैको मनमा प्रश्न अझै बाँकी रहेको बताउँदै ईश्वरले भने, 'शान्तिपूर्ण आन्दोलनकारीमाथि गोली चलाउने आदेश कसले दियो? भ्रष्टाचारविरुद्ध आवाज उठाउँदा किन युवाहरूको ज्यान जोखिममा पारिनु पर्ने? यी प्रश्नको जवाफ राज्यले दिनैपर्छ। हाम्रो परिवार मात्र होइन, आन्दोलनमा ज्यान गुमाउनेको परिवार प्रतीक्षामा छ।'

दोलखाका महेश मात्र होइन अन्य २ जनाले पनि ज्यान गुमाए। जेन-जी आन्दोलन कै क्रममा पोखरामा एक घरमा आगो लगाउँदा दोलखा जिल्ला बैतेश्वर गाउँपालिका ८, क्षेत्रपा फेदीका स्वस्थानी खड्काको जलेर मृत्यु भयो। दोलखा घर भएकी स्वस्थानी काठमाडौं बस्दै आएको र पोखरा गएको बेला जेन-जी प्रदर्शनकारीले आगो लगाएको घरमा फसेकी थिइन्।

त्यसैगरी शैलुङ गाउँपालिका मागापौवा, आहालेका दिनेश चौलागाईंको २२ वर्षीय छोरा अभिषेक चौलागाईंको पनि जेन-जी आन्दोलनमा मृत्यु भएको हो।